अन्तिम लेखापरीक्षण प्रतिवेदन

पालुङटार नगरपालिका, गोरखा

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
पालुङटार नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
गोरखा ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९ च.नं.: ११५ मितिः२०७८।०५।०४

श्री नगर प्रमूखज्यू,
पालुङटार नगरपालिका,
गोरखा।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले पालुङटार नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रु २ करोड ९६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड ४९ लाख ८१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ४७ लाख ९५ हजार र पेस्की बाँकी रु ३ लाख २० हजार रहेको छ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३७ यसैसाथ संलग्न छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

आर्थिक कारोवारको स्थिति

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, १५८।६२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३७७४८ जनसंख्या रहेको छ ।

आय व्ययको एकिकृत विवरण २०७६।७७

सि नं	आयतर्फ			सि नं	व्ययतर्फ		
	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम
१	**गत वर्षको जिम्मेवारी**		२८२८५७५७.	१	**चालु खर्च**	३८२०४०४३७	३८२०४०४३७
	क) संचित कोष खाता	१००३०१५.		२	**पूँजीगत खर्च**	१११४७७८४३	१११४७७८४३
	ख)मर्मत सम्भार कोष	१४१७७५८.			**निकाशा फिर्ता चालु**	३४१६७६२५	३४१६७६२५
	ग)विपद व्यवस्थापन कोष	१५०५३३८.			**निकाशा फिर्ता पुजिगत**	२७७२३३	२७७२३३
	घ)स्व-आर्जन कोष आय	१३९८९८०४.		३	**विषयगत तर्फः**		१९९४७२८७७
	ङ)मिल्क करिडोर कोष आय	४१५४१४.			राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग	४८६६४०	
	च) कर्मचारि कल्याणकारी कोष खाता	१२२५०००.			सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम	१६९०३०५५०	
	छ) धरौटी खाता	८७२९४२८.			गरिवसँग विश्वेश्वर	४३८३८७	
२	**राजस्व (आन्तरिक आय)**		१२१४८१७८०.		स्थानीय पुर्वाधार विकाश साझेदारी कार्यक्रम	१५९७७३००	
	क) आन्तरिक राजस्व	३४५५१५७५.			स्थानिय तह प्रशासनिक भवन पुर्वाधार विकाश	१३५४००००	
	ख) राजस्व बाँडफाँड	८६६५०२७५.		५	**लगानी**		
	ग) अन्य आय	२७९९३०.		६	ऋण लगानी (स्व आर्जन कोष खाता)	७९४५५००	७९४५५००
३	**संघिय सरकारवाट प्राप्त अनुदान**		४५६३०७०००.		शेयर लगानी		
	क)वित्तीय समानीकरण अनुदान	१८३९०००००.			**धरौटी फिर्ता**	११५४०४५	११५४०४५
	ख) सशर्त अनुदान	२७२४०७०००.			**कोष खर्च (प्रकोप व्यवस्थापन तथा अन्य कोष)**	६३०३६८०	६३०३६८०
४	**प्रदेश सरकारबाट प्राप्त अनु‌ुदान**		२६९६४०००.		**मिल्ककरिडोर खर्च**	४८४४५७५	४८४४५७५
	क)वित्तीय समानीकरण अनुदान	१६९६४०००.			**मर्मत सम्भार कोष खाता खर्च**	१४१७७५८	१४१७७५८
	ख) सशर्त अनुदान	५००००००.			**मौज्दात**		१२८७१८३९५
	ग) समपूरक अनुदान	५००००००.			संचित कोष खाता	८५३५९७५४	
५	**अन्तर स्थानीय तहबाट प्राप्त**				धरौटी खाता	१३९५५६६३	
६	**वित्तीय व्यवस्था प्राप्ति**				विभाज्य कोष खाता	१९०६५५	
७	**विभिन्न कोषतर्फको आय**		१२५९३६५७.		प्रकोप व्यवस्थापन कोष	१५३३१५४	
	विभाज्य कोष खाता	१९०६५४.			मिल्क कोरिडोर कोष खाता	११५६९३२	
	प्रकोप व्यवस्थापन तथा अन्य कोष	७७६०२४५.			स्थानिय तह विविध कोष खाता	४६४२७५८	
	खाता परिवर्तन वाट कोष खातामा जम्मा रकम	४६४२७५८.			स्व आर्जन कोष खाता	२१८७९४७९	
८	**विषयगत तर्फः**		१९९४७२८७७.				
	राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग	४८६६४०.					
	सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम	१६९०३०५५०.					
	गरिवसँग विश्वेश्वर	४३८३८७.					
	स्थानीय पुर्वाधार विकाश साझेदारी कार्यक्रम	१५९७७३००.					
	स्थानिय तह प्रशासनिक भवन पुर्वाधार विकाश	१३५४००००.					
९	विभिन्न कोष तर्फको आय		२९८०१५४७.				
	क)स्व-आर्जन कोष आय	१५८३५१७५.					
	ख)मिल्क करिडोर कोष आय	५५८६०९२.					
	ग) कर्मचारि कल्याणकारी कोष खाता	२००००००.					
	ङ)धरौटी आय	६३८०२८०.					
१२	अन्य विविध आय जनसहभागिता समेत	२९१३३५०.	२९१३३५०.				
	जम्मा	**८७७८१९९६८.**	**८७७८१९९६८.**		**जम्मा**	**८७७८१९९६८**	**८७७८१९९६८**

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम

१ **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

- यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाइ आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।

विवरण	श्रेष्ता अनुसार	मलेपफा नं २७२ अनुसार	फरक रकम
गत वर्षको जिम्मेवारी	२८२८५७५७	८७२९४२८	१९५५६३२९
संघ प्रदेश तथा अन्य कार्यक्रम	१९९४७२८७७	५६५१०९५०	१४२९६१९२७
संचित कोषवाट खर्च	५२७९६३१३८	४९३५१८२८०	३४४४४८५८
कोष तर्फको आय	१२५९३६५७	७७९६७९६	४७९६८६१
राजस्व (राजस्व वाँडफाँट समेत)	१२१४८१७८०	१११७४८८९७	९७३२८८३
कोष खर्च	१२५६६०१३	६३०३६८०	६२६२३३३
मौज्दात	१२८७१८३९५	१३७९०६५२८	-९१८८१३३

- **खर्च सुत्रमा पोष्टीङ नभएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० मा स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारबाहीमा एकरूपता कायम गर्न तथा पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नुपर्ने सूचना प्रविधिको ढाँचा तोक्न सक्नेछ भन्ने व्यवस्था छ ।जसअनुसार नेपाल सरकारले सवै स्थानीय तहहरुमा सुत्र सफ्टवेयर प्रयोगमा ल्याएको छ। तर यस पालिकाले विनियोजनवाट कृषकलाइ ऋण प्रदान गर्न स्व आर्जन कोष तथा मिल्क करीडोर कोष खडा गरेकोमा उक्त कोषका आम्दानी तथा खर्चहरु सुत्रमा पोष्टीङ गरेको छैन त्यसैले सुत्रवाट देखिएका तथ्यांकले यस पालिकाको यथार्थ आय व्ययको चित्रण गर्दैन । यसमा सुधार गरी सुत्रको पुर्णरुपमा कार्यान्वयन गर्नुपर्दछ ।

क स	विवरण	रकम
१	मिल्ड करिडोर तर्फ ऋण लगानी, खर्च तथा अन्तिम मौज्दात	५९९४४९१.३५
२	स्वआर्जन कोषतर्फ ऋण लगानी, खर्च तथा अन्तिम मौज्दात	२९८२४९७९.४५
	ऋण कोष तर्फको जम्मा	**३५८१९४७०.८०**
३	निकाशा फिर्ता चालु system वाहिरवाट	३४१६७६२५
४	निकाशा फिर्ता पुजिगत system वाहिरवाट	२७७२३३
	कुल जम्माः	**७०२६४३२८.८**

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ साथै सम्पुर्ण आम्दानी तथा खर्च समेत देखिने गरी सुत्रमा समावेश गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
२	**बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको कुनै पनि खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन। बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ।	

स.नं.	खाताको नाम	२०७७ असार मसान्तसम्मको बाँकी रकम	वास्त वक मौज्दात
१	चालु खर्च खाता	४९०५९५९२.	०.
२	पुँजीगत खर्च खाता	१८७८१८३१.	०.
३	सं चत कोष खाता	१००४५८५४८.	८५३५९७५३.७
४	धरौटी खाता	१००६८१६८.	१३९५५६६३.
५	वभाज्य कोष खाता	१५००००.	१९०६५४.६६
६	प्रकोप व्यवस्थापन कोष	३०९७५७३.	१५३३१५४.
८	मल्क कोरिडोर कोष खाता	११५६९३२.३९	११५६९३२.३९
१०	स्थानिय तह व वध कोष खाता	२६४२७५८.	४६४२७५८.
११	स्व आर्जन कोष खाता	२१८५४४०३.	२१८७९४७९.
	जम्माः	२०७२६९८०५.३९	१२८७९८३९४.७५

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
३	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • पालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • पालिकाले वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन । • निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको, • सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, • आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको, • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, • स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, • निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. ३ करोड ४१	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

लाख २३ हजार खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको,

- स्थानीय सरकार सन्चालन ऐन तथा अन्य कानून वमोजिक स्थानीय तहले घर तथा जग्गा वहाल कर मात्र संकलन गर्ने उल्लेख भएकोमा यस कार्यलयले सवारी साधनमा तथा ढुवानीमा कट्टी गरेको कर रकम समेत स्थानीय संचितकोषमा आम्दानी वाँधेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा नक्सापास भएको विवरण माग गरेकोमा पेश नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४

अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष चालु तथा पूँजीगत तर्फ वित्तीय समानीकरण अनुदान लगायतको रकमवाट रु ८ करोड २६ लाख १७ हजार वजेट विषयगत योजना मात्र राखी पटक पटकको कार्यपालिकाको निर्णय वाट रु ५ करोड ५४ लाख ७८ हजार खर्च गरेको छ बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

कार्यक्रम/आयोजना/कियाकलापको नाम	खर्च शीर्षक	विनियोजन	खर्च
क्रमागत योजना	३११७१	१०००००००	९८७२२६४
क्रमागत योजना	३११७१	१०००००००	१०००००००
खेलकुद मैदान निर्माण	३११५९	५००००००	०
भैपरि आउने पुजिगत खर्च	३११५९	१५१७४०२	१५१७४०२
समपुरक कार्यक्रम	३११७१	६६४६५६४.८७	६५५०३२९
समपुरक कार्यक्रम	३११७१	११३५३४३५.१३	४२९३९२१
भैपरि आउने पुजीगत खर्च	३१५११	७५००००	०
मर्मत सम्भार कोष	३११५९	१२०००००	९६९२३७
खेलकुद स्टेडियम निर्माण	३११५९	१०००००००	२१५५४४१
पुजीगत तर्फ जम्माः		**५६४६७४०२**	**३५३५८५९४**
कृषि	२२५२२	२५०००००	२४९९७९६
कार्यक्रम खर्च	२२५२२	२००००००	१८६०८८४
भेटनेरी	२२५२२	१५०००००	७१५०००
वातावरण /फोहरमैला	२२५२२	१५०००००	१४४७९७२
वालवालीका	२२५२२	१००००००	०
विधुतिय शासन	२२५२२	१००००००	६८९३००
स्व आर्जन कोष	२२५२२	१०००००००	१०००००००
स्वास्थ्य	२२५२२	२००००००	५६,०००
सार्वजनिक जग्गा संरक्षण	२२५२२	२००००००	१७०८१४४
स्व आर्जन कोष	२२५२२	५५००००	५५००००
स्व. आर्जन कोष लक्षित वर्ग समेत	२२५२२	१००००००	५९२२००
शिक्षा सम्वन्धी कार्यक्रम	२२५२२	११०००००	०

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

कार्यक्रम खर्च तर्फ जम्मा		२६१५००००	२०११९२९६
चालु तथा पुजीगत तर्फ जम्मा		८२६१७४०२	५५४७७८९०

५ **पूँजीगत खर्चको स्थितिः** कार्यालयको कुल पूँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिवाट रकम खर्च भएको विवरण पेश भएको छ । सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९८ मा अमानतवाट रु १ लाख सम्मको खर्च गर्न सक्नेमा पटक पटक गरी कार्यालयले रु ३ लाख ६४ हजार अमानतवाट खर्च गरेको छ भने खर्चको ठुलो रकम रु ५४७,०६,७५३। उपभोक्ता समिति तथा लाभग्राहीवाट गराएको छ । उपभोक्ता समितिवाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नभएको कारण यसको गुणस्तर तथा दिगोपनाको पक्ष कमजोर हुन सक्ने देखिदा उपभोक्ता समितिमार्फत धेरै कार्य गराउने परिपाटीमा सुधार गर्नुपर्दछ ।

खरिद विधि	खर्च रकम
खुला बोलपत्रवाट	३५०२६७५४।०
सिलबन्दी दरभाउपत्रवाट	१७२५६९१२।०
सोझै	२८५६५१२।०
अमानतवाट	३६४०००।०
उपभोत्ता समिति वा लाभग्राही समुदायवाट	५४७०६७५३।०
गैर सरकारी संस्थावाट	१२६६९१२।०
कन्टीन्जेन्सीवाट	०
जम्माः	१११४७७८४३।००

६ **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ताको लागि १७८१ ले निवेदन दिएकोमा १७४२ दर्ता, मृत्यु दर्ता ३४३ वटा, वसाइ सराइ ९७, घरवाटो सिफारिश ८६८ वटा, नागरिकता सिफारिश १३४७ वटा तथा अन्य १३३७० वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।

७ **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. ३८ लाख ११ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
८	**योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:	

क्र. सं.	ववरण	योजना संख्या	
१	रु १ लाख भन्दा कमको योजना	५७	३४२००००
२	रु एक लाख एक दे ख पाँच लाख सम्मका योजना	१०२	१५३०००००
३	रु ५ लाख दे ख १० लाख सम्मका योजना	३९	२१४०००००
४	दश लाख एक दे ख ५० लाख सम्मा योजना	२६	३५००००००
५	५० लाख भन्दा मा थका योजनाहरु	६	३६००००००
	जम्मा	१५५	१११२००००

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
९	**नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ.व. २०७६।७७ मा १८० वटा घरको नक्सापासको लागि निवेदन दिएकोमा १२० लाइ अस्थायी अनुमति दिएको छ भने गत वर्ष अनुमति लिएका १३२९ सहित कुल १३४७ वटा घरको कार्यसम्पन्न भएको अवस्था छ । पालिकाले आफ्नो क्षेत्रिभित्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ ।	
१०	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १९५ रहेको र यो बर्ष ३०१ मुद्दा दर्ता भएकोमा ४७८ वटा फछ्र्यौट भई १८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
११	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ७५ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

पूँजीगत वजेट	कुल खर्च	चौमासिक खर्च		
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक
पालिकाको कुल खर्च	४९३५१८२८०	९६०९२८८२	११३८८३११०	२८२७९०४८३
प्रतिशत	१००	१९	२३	५७
पालिकाको पुजीगत खर्च	१११४७७८४३	६४९२२२२	२०१३२९०२	८४१००९१४
प्रतिशत	१००	६	१८	७५

१२ **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	वजेटको तुलनामा खर्च प्रतिशत	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३७८४००००	२६८९७८९७	७१.०८	५.४५
सामाजिक विकास	२६८६७७०००	२१५३६१५४४	८०.१६	४३.६४
पूर्वाधार विकास	२२००६००००	९६९२६९४४	४४.०५	१९.६४
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२५८०३०००	१४४२३८२४	५५.९	२.९२
कार्यालय सञ्चालन तथा प्रशासनिक	१८९२२७०००	१३९९०८०७१	७३.९४	२८.३५
जम्मा	७४१६०७०००	४९३५१८२८०	६६.५४	१००

उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा कुल खर्चको १९।६४ % रहेको छ भने सामाजिक विकासमा ४३।६४% खर्च भएको देखिएको छ । पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।

१३ **कार्यक्रमगत प्रगतिः** तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ । पूजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च	खर्च (%)
कुडार जोगीडीही जोर्तीवागडाडा सडक ह्युम पाईप सहित सडक स्तरोन्नती	१००००००	०	०
काभ्रेटार डडुवा सिमलगैरा वोहोरीझ्याङ मोटरवाटो सडक स्तरोन्नती	७०००००	०	०
कोल्डस्टोर	३००००००	०	०
कालीरह फड्के निर्माण	१००००००	०	०
खेलकुद मैदान निर्माण	५००००००	०	०
जेष्ठ नागरिक विश्राम घर भवन निर्माण सापकोटाटार पण्डीत गाउ वडा न ४	१००००००	०	०
ढुगेटारी चालिसे डाडा हुदै १० किलो सडक ह्युम पाइप र क्रसिङसहितको स्तरोन्नती र वाकी सडक जोड्ने	१००००००	०	०
धुवाकोट चक्रपथ सडक	१००००००	०	०
नया वडा कार्यालयको व्यवस्थापन	२००००००	०	०
पा.न.पा क्षेत्र भित्र रहेका जनावर/ चरा चुरुडी/वोट विरुवा डिस्कनेरी निर्माण	१५०००००	०	०
पाउरोटी भञ्ज्यायङ चापभञ्ज्याङ मोटरवाटो	१००००००	०	०
पाच्यान सामुदायिक होमस्टे भवन निर्माण	१००००००	०	०
बहुउद्देश्यिय व्यापारिक भवन निर्माण	५०००००००	०	०
मर्स्याङदी कोरिडोर सह लगानी	१५०००००	०	०
रातेखोला रिजर्वोयर निर्माण	२००००००	५४००००	२७.
लुइटेल स्कुल आवासिय संरचना स्कुल खर्च	१००००००	२५०००० ०	२५.
लकाङखोला वडहरेखोला दोभान क्रसिङ निर्माण	१००००००	०	०

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

लिगलिग कोट सिढी निर्माण	२००००००	०	०
विभिन्न प्रोजेक्टहरको विस्तृत ईन्जिनियरिङ रिपोर्ट वनाउने	२००००००	०	०
विमिरे नर्सरी सडक आपपिपल सडक स्तरोन्नति	१५०००००	०	०
सडक वोर्ड नेपाल	४५०००००	०	०
समिफेद अावटार ठुलो चोर सडक स्तरोन्नती	१००००००	०	०
सव वाहान खरिद	११०००००	०	०
सानो कोल्चेन वाटोसहित	३००००००	०	०
हवाइग्राउन्ड शहरि स्वास्थ्य किल्निक २ कोठे भवन निर्माण	७०००००	०	०
हात्तीगोडा चुरेटावेशी धारापानी घोप्टेस्वारा सडक	१००००००	०	०
ज्याेति चाैतारा वेल्वास खुर्पजुग सडक	२००००००	०	०
भैपरि आउने पुजीगत खर्च	७५०००००	०	०
वडा भित्रका केहि कुलो मर्मत	६०००००	६९०१८	११.५
धारापानी लामखेत अधिकारी गाउ डेम्रे सडक	२००००००	०	०
हात्तिगौडा मोड वगालटार झङडीटार चोपटेश्वारा धारापानि चुरेटावेसि मोटर बाटो	२००००००	०	०
धारापानि थोत्राडिहि वेलकोट सडक	७०००००	०	०
बाझगरा तल्लोफाँट कालामाटा हावाइ ग्राउन्ड सडक	६०००००	०	०
विरुवाटार वजार सार्वजनिक शौचालय तथा पार्किङ	२००००००	०	०
अकला ग्रामिण सडक स्टक्चर निर्माण	१२०००००	१७४६००	१४.५५
वडा कार्यालयदेखि कुतिया अकला ग्रामिण सडक	२००००००	०	०
देवीस्थान चुत्ती खोला कवजे पुल	९०००००	०	०
वडा कार्यालय जाने चुक्ति खोलामा ट्रायलबिरिज	१००००००	०	०
सामुदायिक भवन निर्माण पा.न.पा ९ झगरे	२००००००	०	०
पन्थिनी जोगिवेशी सडक स्तरोन्नती	२००००००	५५००००	२७.५
खेलकुद स्टेडियम निर्माण	१०००००००	२१५५५४४१	२१.५५

१४ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष चालु खातावाट कर्मचारी कल्याण कोषमा रु. २० लाख ट्रान्सफर गरेको छ । पालिकाका स्थानीय तहका कर्मचारीवाट रकम कट्टा नगरी कर्मचारी कल्याण कोष शिर्षक अन्तर्गत एकमुष्ट रु २० लाख ट्रान्सफर गर्नु उचित देखिएन ।साथै उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था समेत भएको छैन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझैं कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन ।यस्तो प्रकृयामा नियन्त्रण गर्नुपर्दछ ।

१५ **शिर्षक फरक पारी खर्चः** एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले खर्च शिर्षक फरक पारी खर्च गरेको कारण देहायअनुसारको रकम फरक परेको छ । शिर्षक फरक पारी खर्च गर्नु वित्तीय अनुसासनको उल्लंघन गर्नु हो। यस सम्वन्धमा छलफल गर्दा पालिकाले वजेट वनाउदा करार सेवामा रकम नराखी पारिश्रमिक कर्मचारी शिर्षकमा नै करारका कर्मचारीको लागि वजेट राख्दा उक्त शिर्षकवाट नै तलव भुक्तानी गर्नुपरेको कार्यालयले जनाएको छ। वजेट वनाउने वेलामा विशेष ध्यान दिइ खर्च शिर्षक मिल्ने गरी तयार गर्नुपर्दछ।

क्र स	खर्चको व्यहोरा	खर्च गर्नुपर्ने शिर्षकको नाम	खर्च गरेको शिर्षकको नाम	खर्च रकम

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	(तालिका तल)	

१	करार सेवामा कार्यरत कर्मचारीलाइ कर्मचारी पारिश्रमिक शिर्षकवाट खर्च	करार सेवा	पारिश्रमिक कर्मचारी	१७१४९९६४
२	सामाजिक परिचालकको तलव भुक्तानी	करार सेवा	पारिश्रमिक कर्मचारी	८७७६४३
३	स्वास्थ्य कर्मचारीको तलव भत्ता भुक्तानी	करार सेवा	पारिश्रमिक कर्मचारी	२३६२०००
४	स्वास्थ्य कर्मचारीको तलव भत्ता भुक्तानी	करार सेवा	सेवा तथा परामर्श	९४००००
५	एक गाउँ एक प्राविधिक कर्मचारीलाइ भुक्तानी (भौ नं२२५वाट)	करार सेवा	पारिश्रमिक कर्मचारी	२३९४९०
६	उखुवारी लिफ्ट सिष्टम खानेपानी पम्प खरिद	खानेपानी संरचना निर्माण	पारिश्रमिक कर्मचारी	१५४०००
	जम्मा			२१७२३०९७

१६ **सुरक्षा खर्चः** ग्रेटफुल सेक्युरिटीलाइ मासिक रु ७७१५६। को दरले (दशै सहित) वार्षिक रु १००३०२८। भुक्तानी भएको छ। जसमा २ सेक्युरिटी गार्डको लागि उक्त रकम खर्च भएको छ। जसअनुसार १ व्यक्तीलाइ मासिक रु ३८५७८। पर्ने अवस्था छ। सेक्युरिटी गार्डलाइ लागत अनुमानको तयारी वेगर वार्षिक रुपमा संझौता गरी भुक्तानी दिनु उचित देखिएन। नेपाल सरकारको तलवमान अनुसार नेपाल प्रहरी अन्तर्गत प्रहरी जवानको मासीक रु २०६८०। मात्र हुने अवस्थामा २ जना राख्दा वार्षिक रु ५३७६८०। मात्र भुक्तानी हुनेमा समेत ठुलो रकम खर्च गर्ने गरी कम्पनीलाइ रकम भुक्तानी गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।

१७ **पेन्सन पाउनेलाइ सुविधा भुक्तानीः** साविकको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा पेन्सन पाउनेलाइ सुविधा नदिने उल्लेख भएकोमा मिति २०७६ भदौ १३ मा उक्त ऐन संसोधन भएको देखिन्छ । अतः भाद्र १३ देखि लागु गर्नुपर्नेमा यस गाउँपालिकाका देहायका पदाधिकारीलाइ संसोधन भन्दा अगाडीको महिनाको दोहोरो सुविधा पर्ने गरी भुक्तानी दिएको देखियो । उक्त रकम असुल गर्नुपर्ने रु — बेरुजू रकम: १६८०००

पदाधिकारीको नाम	**श्रावणको भुक्तानी रकम**	**भाद्र १२ सम्मको भुक्तानी**	**कुल भुक्तानी**
वडा नं २ का वडाध्यक्ष श्री लोकनाथ वाग्ले	२००००	८०००	२८०००
वडा नं ३ का वडाध्यक्ष श्री रेशम व अधिकारी	२००००	८०००	२८०००
वडा नं ४ का वडाध्यक्ष श्री ठाकुर कान्त रानाभाट	२००००	८०००	२८०००
वडा नं ८ का वडाध्यक्ष श्री शंकरराज कडेल	२००००	८०००	२८०००
श्री काजिवावु लामिछाने	१००००	४०००	१४०००
श्री देवेन्द्रराज देवकोटा	१००००	४०००	१४०००
श्री वुधराम गुरुङ	१००००	४०००	१४०००
श्री भगवान मल्ल	१००००	४०००	१४०००
जम्मा	१२००००	४८०००	१६८०००

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
१८	**पदाधिकारीलाइ वढी सुविधाः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा तोकिएको अनुसार पदाधिकारीलाइ सुविधा प्रदान गर्नुपर्नेमा देहायका पदाधिकारीलाइ तोकेभन्दा वढी भुक्तानी दिएको देखियो। कार्तिक देखि असारसम्म एकमुष्ट रुपमा पदाधिकारी भत्ता दिदा देहायअनुसार वढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु	३०१५००

पदाधिकारीको नाम	भुक्तानी दिएको रकम	दिनुपर्ने रकम	वढी भुक्तानी
पार्वती नेपाली (कार्यपालिका सदस्य)	२१६०००	१९८०००	१८०००
नमुना नेपाली (कार्यपालिका सदस्य)	२१६०००	१९८०००	१८०००
सिर्जना नेपाली (कार्यपालिका सदस्य)	२१६०००	१९८०००	१८०००
सिता सेन्चुरी सुनार (कार्यपालिका सदस्य)	२१६०००	१९८०००	१८०००
वल वहादुर लामा (वडा सदस्य)	१९८०००	१२१५००	७६५००
सन्तोष पोखरेल (वडा सदस्य)	१९८०००	१२१५००	७६५००
मिना अधिकारी (वडा सदस्य)	१९८०००	१२१५००	७६५००
जम्मा	१४५८०००	११५६५००	३०१५००

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
१९	**अनुगमन भत्ताः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत भत्ता दिने गरेको देखिन्छ र त्यसवाहेक अनुगमनको नाममा अन्य सुविधा दिएको छैन भने कर्मचारीलाइ अनुगमन गरेको भनि भत्ता दिने कानुन छैन साथै नेपालको संविधानले वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ । तर यस स्थानीय तहले आफैले एक कार्यविधि तयार गरी अनुगमन मुल्यांकन समितिको वैठक वसेको भनि जनप्रतिनिधि तथा कर्मचारीलाई भत्ता भुक्तानी गरेको छ ।अनुगमन सम्वन्धमा अन्य कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएको र कर्मचारीको हकमा समेत यस्तो भत्ता पाउने कुनै कानूनी आधार नभएकोमा पालिकाले भत्ता वितरण गरेको छ । कानूनी आधार वेगर भत्ता दिनु अनियमित देखिएकोमा उक्त व्यहोरालाइ नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। कार्यविधिमा भएको व्यवस्थाको विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

भौ नं	विवरण	भत्ता रकम
४९	नदीजन्य पदार्थको अनुगमन गरेको भनि अनुगमन भत्ता	६६०००
५४	विद्दुतका पोल गाडेको अनुगमन भनि अनुमगन भत्ता	८१०००
१००	नदीजन्य पदार्थको अनुगमन गरेको भनि अनुगमन भत्ता	८५५००
८९८	विद्दालयमा भएको कामको अनुगमन गरेवापत भत्ता	१५००००
८९७	विद्दालयमा भएको कामको अनुगमन गरेवापत भत्ता	४९५००
८९१	घरनक्सा पास तथा निर्माणाधिन योजनाहरुको अनुगमन भत्ता	६००००
	जम्माः	४९२०००

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
२०	**खर्चका प्रमाण नभएकोः** आर्थिक कार्यविधि निमयावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण संलग्न गर्नुपर्नेमा कार्यलयले भौ नं ८१ वाट एम्वुलेन्स सन्चालनको लागि भनि रु २५०००० खोप्लाङ स्वास्थ्य चौकी गोरखालाइ अनुदान दिएकोमा उक्त खर्चका प्रमाण पेश नभएको रु	२५००००

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
२१	**परामर्श सेवा खरिदः** पालिकाको कार्यालयले यस बर्ष तपिसलका डि.पि.आर कार्यका लागि विभन्न परामर्श दातासँग सम्झौता गरी रु ६०४१७३५। परामर्श खर्च लेखेको छ।	

भौ नं	कामको विवरण	परामर्श दाता	डिपिआर अनुसार लागत अनुमान	भुक्तानी रकम
८३	फोहरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र तयारीको TOR को लागि	आर डि इन्जिनयरिङ कन्सल्टेन्सी		१४९६१२
७८१	कानुन निर्माण गरेवापत भुक्तानी	इजि लिगल सर्भिस प्रालि		९८३१००
६४६	लिगलिग शान्ती पार्कको डिपिआर	कैलाश पर्वत इन्जिनयरीङ कन्सल्टेन्सी प्रालि	३९०७७४८५	४९१७१९
६९६	अनाटेडी पहारे खा पा योजनाको डिपिआर	क्रियटिभ आइ कन्सल्टेन्सी	४४७४८२१	३५६०६३
६९८	नपा भवनको इन्टेरियर डिजाइन ड्रइङ तथा विओक्यु तयारी	डिजाइनर्स प्याभिलियन प्रालि	१४३४९२६१	९९५८९०
७०८	कुमाल संग्रहालयको डिपिआर	स्टारसिप कन्सल्टेन्सी प्रालि	२७१५८३९०	४९५१६६
७०९	३ सडकको डिपिआर	एक्मेटिक इन्जिनियरीङ कन्सल्टेन्सी		४९६६३५
७२६	लिगलिगकोट होमस्टेको डिपिआर	सियरा इन्जिनयरीङ कन्सल्टेन्सी	६७६९६०६३	२५१९९०
७२५	कोल्ड स्टोर्स निर्माण	इन्जिनयरीङ मन्त्र कन्सल्टयान्टस एण्ड एसोसियट्स	१०८४०१७३९	४८४७७०
७७९	आवधिक नगर विकास योजना तयारी	एकाउन्टाविलिटी इनिसियटिभ प्रालि		९९७७९०
८९४	सम्पत्तिकर लगायतको लेखांकनको लागि	शांग्रिला इन्फरमेटिक्स प्रालि		३३९०००
	जम्माः		२६११५७७५९	६०४१७३५

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छन ।	
२१.१	**परामर्श सेवाको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स गत बर्षको नर्म्स सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।	
२१.२	**सोझै खरिद कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिका भित्रका उपरोक्त योजनाको डि.पि.आर	

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कार्यको लागि २० लाख भित्र पारी लागत अनुमान तयार गरी सोझै खरिद गरी रु ६०४१७३५। भुक्तानी दिएको छ। पालिका भित्रका योजनाको डि.पि.आर कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटक सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान तयार गर्दा माथि उल्लेखित आधार नलिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेकोले उक्त कार्यको लागि भएको भुक्तानी रकम नियमसंगत देखिएन।</td><td></td></tr>
<tr><td>२१.३</td><td>वीमाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्श दाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>२१.४</td><td>पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाहय परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु ६०४१७३५। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन ।</td><td></td></tr>
<tr><td>२१.५</td><td>डीपीआर कार्यन्वयनः पालिकाको कार्यलयले यस बर्ष योजनागत खर्च शिर्षकमा एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या अनुसार पुजीगत खर्च शिर्षकमा राखी वजेट विनियोजन गर्नुपर्नेमा चालुमा राखी कार्यक्रम तयार गरेको छ भने चालुमा राखेकोमा समेत कुन कार्यक्रम हो नखुलाइ एकमुष्ट रुपमा सेवा तथा परामर्श शिर्षकमा वजेट राखेको छ। परामर्श सेवाको लागि योजनागत रुपमानै बजेट पारित नगरी एकमुष्ट परामर्श खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ। साथै पुर्व तयारी र पर्याप्त बजेटको सुनिश्चितता वेगर नै बजेट खर्च गर्ने उद्देश्य मात्र राखी परामर्श सेवामा खर्च गरिनु औचित्य पुर्ण देखिदैन । यस वर्ष तत्काल कार्य सुचारु नहुने र ठुलो रकम खर्च गर्नुपर्ने अवस्थाको कामको लागि समेत डिपिआर गरी देहायअनुसार भुक्तानी गरेको छ जसको लागत अनुमान २४ करोड २३ लाख ३४ हजार रहेको देखिन्छ। यसरी भएको डीपीआर कार्यान्वयनमा आएको दखिएन। आयोजना कार्यन्वयन हुने अवस्थामा मात्र यस्तो खर्च गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>कामको विवरण</th><th>परामर्श दाता</th><th>डिपिआर अनुसार लागत अनुमान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>लिगलिग शान्ती पार्कको डिपिआर</td><td>कैलाश पर्वत इन्जिनयरीङ कन्सल्टेन्सी प्रालि</td><td>३९०७७४८५</td><td>४९१७१९</td></tr>
<tr><td>कुमाल संग्रहालयको डिपिआर</td><td>स्टारसिप कन्सल्टेन्सी प्रालि</td><td>२७१५८३९०</td><td>४९५१६६</td></tr>
<tr><td>लिगलिगकोट होमस्टेको डिपिआर</td><td>सियरा इन्जिनयरीङ कन्सल्टेन्सी</td><td>६७६९६०६३</td><td>२५१९९०</td></tr>
<tr><td>कोल्ड स्टोर्स निर्माण</td><td>इन्जिनयरीङ मन्त्र कन्सल्ट्यान्टस एण्ड एसोसियट्स</td><td>१०८४०१७३९</td><td>४८४७७०</td></tr>
<tr><td></td><td></td><td>२४२३३३६७७</td><td>१७२३६४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१.६</td><td>खानेपानी योजनाको डिपिआरः खानेपानी तथा ढल व्यवस्थापन विभागले तयार गरेको खानेपानीको परामर्श सेवाको लागि १० देखि १५ किमि सम्मको डिष्ट्रिव्युसन तथा ट्रान्समिशन पाइपलाइनको लागि पहाडी जिल्लामा मुअकर सहित रु १३८१७४। (नर्म्समा ओभरहेड समेत समावेश गरेकोले रु १५८९००। देखिएकोमा</td><td></td></tr>
</table>

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
	ओभरहेड हटाउदा हुने लागत अनुमान समावेश) मात्र लाग्नेमा ११.१५२ किमिको अनाटेडी पहारे खा पा योजनाको डिपिआरको लागि रु ३६०७२४। को लागत अनुमान तयार गरी क्रियटिभ आइ कन्सल्टेन्सीलाइ भौ नं ६९६ वाट रु ३५६०६३। भुक्तानी दिएको छ। नर्म्स भन्दा वढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु	२१७८८९
२१.७	**कानुन निर्माणमा परामर्शः** नगरपालिकालाइ आवस्यक पर्ने ऐन नियम, कार्यविधि सम्वन्धमा परामर्श सेवा उपलव्ध गराउन (कुल ऐन ८, नियम ३, निर्देशिका ३ तथा कार्यविधि ८) भौ नं ७८१ वाट इजि लिगल सर्भिस प्रालि लाइ रु ९८३१००। भुक्तानी दिएको छ। कार्यालयमा कर्मचारीहरु रहेको, जनप्रतिनिधि हरुको मुख्य काम नै कानुन निर्माण गर्ने रहेको, सभाले विभिन्न विषयगत समितिहरु तयार गरेकोमा उक्त समितिहरु क्रियाशिल रहेको तथा कानुनी परामर्शसेवा उपलव्ध गराउन समेत एक कानुनी सल्लाहकार राखी मासिक रु ३५९९०। को दरले पारिश्रमिक दिएको अवस्थामा पुनः कानुन निर्माणको लागि भनि परामर्श सेवा लिनु उचित देखिएन।	
२१.८	**लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स गत बर्षको नर्म्स सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ।पालिकाले आवधिक नगर विकास योजना तयारीको लागि भौ नं ७७९ वाट एकाउन्टाविलिटी इनिसियटिभ प्रालि लाइ रु ९९७७९०। भुक्तानी दिएकोमा लागत अनुमान नै तयार गरेको छैन।यसरी लागत अनुमान तयार नगरी सोझै परामर्शदाता छनोट गर्नु अनियमित देखिएकोमा उक्त व्यहोरालाइ नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	
२१.९	**इन्टेरियर डिजाइनः** नपा भवनको इन्टेरियर डिजाइन ड्रइङ तथा विओक्यु तयारीको लागि रु १०२३९०६। को लागत अनुमान तयार गरी डिजाइनर्स प्याभिलियन प्रालिलाइ भौ न ६९८ वाट ९९५८९०। भुक्तानी दिएको छ। लागत अनुमान तयार गर्दा टिम लिडरलाइ २ महिना लाग्नेगरी लागत अनुमान तयार गरेको छ । जसको कुनै वस्तुनिष्ठ आधार छैन । उक्त अध्ययनवाट रु इन्टेरियर डिजाइनको लागि रु १४३४९२६१। खर्च हुने गरी प्रतिवेदन दिएको देखिन्छ । रु १ करोड ४३ लाखको कामको लागि परामर्श सेवामा मात्र रु ९ लाख ९६ हजार भुक्तानी गर्नु उचित देखिएन ।	
२२	**कृषि तथा पशुमा अनुदानः** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्	

भौ नं	विवरण	अनुदान रकम
६१४	अदुवाको विउ खरिद गरी वितरण	२२५०००
८६५	एभोकाडो विरुवा खरिद गरी वितरण	२२९०००
९२५	कागती तथा एभोकाडो विरुवा खरिद गरी वितरण	२९००००
५५९	मौरीघार अनुदान	२८६०००
८३१		६६३०००

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
	८३२ | ५० प्रतिशत अनुदानमा ३९५२२ केजी धानको विउ खरिद गरी वितरण | ५८९६८० यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:	
२२.१	अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।	
२२.२	कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।	
२२.३	कार्यालयले भौ नं ६१४ वाट श्रेष्ठ किराना पसलवाट १५०० केजी अदुवाको पोका विउ खरिद गरेकोमा विरतणको भर्पाइ हेर्दा वुझेको परिमाण उल्लेख नगरी वितरणको भर्पाइ मात्र रहेको देखियो। जसले गर्दा अनुदान प्रभावकारी भएको छ भन्न सक्ने आधार देखिएन।	
२२.४	अनुदानमा धान विउ खरिद तथा अन्य खरिदमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।	
२२.५	धान विउ खरिद गर्ने प्रयोजनको लागि कार्यालयले भौ नं ८३१ र ८३२ वाट क्रमशः रु ६६३०००। तथा ५८९६८०। भुक्तानी गरेको छ। ५० प्रतिशत अनुदानमा खरिद गर्ने गरी उक्त विउको लागि वैशाख २८ मा टिप्पणी उठी जेठमा खरिद गरी असारमा वितरण गरेको छ। धान विउ लगाउने सिजन सकिएपछि उक्त विउ खरिद गरी वितरण गर्नु उचित देखिएन।	
२२.६	भौ नं ९२५ वाट हाइवे नर्सरी एण्ड एग्री सेन्टरलाइ रु ३३७०००। भुक्तानी दिएको छ। कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा कार्यक्रम सन्चालन गरेको छ जसमा सुन कागतीको विरुवा २५। को दरले ४००० विरुवा तथा १९०। को दरले १००० विरुवा एभोकाडो खरिद गरेकोमा कुल २९००००। (वाँकी ढुवानी लगायत) खर्च भएकोमा सो को ५० प्रतिशतले हुने रकम १४५०००। कृषकको योगदान रहनेमा सवै रकम भुक्तानी दिएको छ। उक्त रकम असुल गर्नुपर्ने रु	१४५०००
२३	**कफी नर्सरी वेर्ना उत्पादनको लागि** अनुदानः कार्यालयले कफी नर्सरी वेर्ना उत्पादनको लागि कुल लागत अनुमान रु ८७४९००। को ६० प्रतिशत वडाले व्यहोर्ने गरी संझौता गरे अनुसार इको अर्गानिक कन्सेप्ट प्रालिलाइ रु ४८५०००। अनुदान दिएको छ। संझौतामा कति विरुवा उत्पादन गर्ने खुल्दैन भने कुन कार्यविधि अन्तर्गत रही उक्त कार्यक्रम सन्चालन गरेको हो खुल्दैन। उत्पादित विरुवा निशुल्क वितरण गर्ने हो वा शशुल्क हो खुल्दैन भने वितरण गरेको र उत्पादन गरेको समेत खुल्दैन । अतः उक्त खर्चलाइ पुष्ट्याइ हुने प्रमाण पेश गर्नुपर्ने रु	४८५०००

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
२४	**रेडक्रशलाइ भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ मा अन्य प्रयोजनको लागि रकम खर्च गर्न नहुने उल्लेख छ । कार्यालयले रेडक्रश शाखालाइ विभिन्न कामको लागि रकम उपलव्ध गराएको छ। नेपाल रेडक्रश सोसाइटी एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था भएको र यसको आफ्नै श्रोत तथा खर्च हुने अवस्थामा उक्त कुराको ख्याल नगरी रेडक्रशलाइ रकम भुक्तानी गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।	

भौ नं	विवरण	रकम
६५९	रेडक्रश शाखा पालुङटारलाइ कोभिडको लागि सामान खरिद गर्न भुक्तानी	२३४८२४
६६०	रेडक्रश शाखा पालुङटारलाइ आवश्यक फर्निचरको रकम भुक्तानी	१३८४२५
८०३	रेडक्रश शाखा पालुङटारलाइ कुर्सी, स्पीकर आदि खरिदको रकम भुक्तानी	५६२५१

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
२५	**संझौता वेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले भौ नं ६५७ वाट फोहरमैला व्यवस्थापनको लागि कम्पोष्ट मेशिन विदेशवाट ल्याउन ढुवानी वापत भनि छाया नेपाललाइ अमेरिकी डलर १५७२। को नेपाली रुपैया रु १९१६९०। भुक्तानी दिएको छ। संझौतामा उल्लेख नभएको कुरामा भुक्तानी दिन नमिल्ने भएकोले उक्त रकम असुल गर्नुपर्ने रु	१९१६९०
२६	**मिल्क कोरिडोर तथा स्व आर्जन कोषः** कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्दि गरी कृषकलाइ आत्मनिर्भर गराउन कार्यालयले ऋण उपलव्ध गराउन कोष खडा गरेको देखिन्छ ।उक्त कोषवाट क्रमशः कुल ४५ लाख ६८ हजार तथा ७८ लाख लगानी भएको देखिन्छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः	
२६.१	**कानुनी वैधताः** कार्यालयले पालुङटार नगरपालिकाको स्व-आर्जन प्रवर्द्धन कोष सन्चालन (कार्यविधि) नियमावली, २०७५ तयार गरेको छ। उक्त नियमावली कार्यपालिकावाट स्वीकृत गरी राजपत्रमा प्रकाशित भएको देखिन्छ। उक्त निमयावली वनाउदा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तयार गरेको उल्लेख छ तर स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ ले स्थानीय तहलाइ पहिला ऐन वनाएर मात्र अन्य कानून वनाउने अधिकार दिएको छ । अतः कार्यालयले वनाएको कार्यविधि आफैले वैधानिकता समेत पाएको देखिदैन। यसै कानुनका आधारमा मिल्क कोरिडोर तथा स्व आर्जन कोष अन्तर्गत क्रमशः ४५६८०००। तथा ७८०००००। ऋण लगानी भएको छ। यसरी कानुनी आधार वेगर नियमावली वनाइ सोहि नियमावलीका आधारमा ऋण लगानी गर्नु उचित देखिएन।	
२६.२	**मिल्क कोरिडोर कोषको लगानीः** यस कोषवाट कार्यालयले लाकाङ्गकाली कृषि सहकारी संस्था लिमिटेड पालुङटारलाइ मिति २०७६।२।१६ मा संझौता गरी मिति २०७६।२।२० मा रु ४५ लाख ६८ हजार ऋण लगानी गरेको छ। संझौता अनुसार १ महिना पछि मासिक रुपमा रु २३९८२०। को दरले साँवा फिर्ता गर्ने तथा वार्षिक २ प्रतिशले हुने व्याज जोडी भुक्तानी गर्नुपर्ने उल्लेख छ साथै समयभित्र नवुझाएमा नियमावलीको नियम १७(८) मा थप २ प्रतिशत व्याज लिने उल्लेख छ। उक्त रकम मध्ये देहाअनुसार रकम प्राप्त भइ वाँकी रहेकोले वाँकी रकम असुल गर्नुपर्ने रु	३७३९६४३

विवरण	रकम	रकम
ऋण लिएको रकम	४५६८०००	
२०७६।७७ सम्ममा वुझाउनुपर्ने साँवा		२८७७८४०
२०७६.७७ सम्ममा वुझाएको साँवा		१००००००
वाँकी साँवा		१८७७८४०

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

लेखापरीक्षण अवधिसम्म वुझाउनुपर्ने साँवा		४५६८०००
हालसम्म वुझाएको साँवा		१००००००
लेखापरीक्षण अवधिसम्म वुझाउन वाँकी साँवा		३५६८०००
२०७६।७७ सम्ममा वुझाउनुपर्ने २ % व्याज		९१३६०
वुझाएको व्याज (मिति२०७७।३।३१मा)		११०७७
वाँकी व्याज		८०२८३
समयमा नवुझाएकोले थप २ % व्याज		९१३६०
उठनुपर्ने वाँकी व्याज (२०७६।७७ सम्मको)		१७१६४३
उठनुपर्ने कुल रकम		३७३९६४३

उक्त रकम २०७६।७७ मा नवुझाएको र लेखापरीक्षण अवधिसम्म उक्त ऋण सवै चुक्ता गरिसक्नुपर्ने भएकोले साँवा गणना गर्दा सवै रकम उल्लेख गरिएको छ।

२६.३ **तोकेभन्दा वढी खर्चः** नियमावलीको नियम ९(२) मा कोष रकमको २ प्रतिशत रकम खर्च गर्ने तथा ९(३) मा कर्जा प्रवाहवाट प्राप्त व्याजको ५० प्रतिशत रकम कार्यसन्चालन खर्च गर्न सक्ने उल्लेख भएकोमा मिल्क कोरिडोर कोष अन्तर्गत कुल ४९ लाख ६९ हजार कोषमा रहेको तथा लगानीवाट रु ११०७७। मात्र उठेकोमा नियमावलीमा भएको व्यवस्था अनुसार रु १०४९१९। मात्र खर्च गर्न सकिनेमा भौ नं ४ वाट रु १३२०००। तथा भौ नं ५ वाट १४९९१०। समेत कुल रु २८१९१०। खर्च गरेकोले नियमावलीमा भएको व्यवस्था भन्दा रु १७६९९१। वढी खर्च लेखेको छ। उक्त रकम अनियमित देखिएकोमा उक्त व्यहोरालाई नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। नियमावलिमा भएको व्यवस्थाको विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२६.४ **करकट्टी दाखिला नगरेकोः** मिल्क कोरिडोर अन्तर्गत सामान खरिदको रु ५३३५। तथा स्व आर्जन कोषको रु २१८२५। गरी कुल रु २७१६०। दाखिला गर्नुपर्नेमा नगरेकोले उक्त रकम दाखिला गर्नुपर्ने रु २७१६०

२७ **स्व आर्जन कोषः** यस कोषमा गत आ व मा रु १३९८९८०४।३४ निकासा गरेकोमा आ व २०७६।७७ मा रु १५०८०९८७। निकासा गरेको देखिन्छ। यस वर्ष कुल ३६ कृषक/समुह आदिलाइ रु ७८ लाख लगानी गरेकोमा समयमा रकम प्राप्त भएको छैन।कार्यालयले आर्थिक वर्षकको अन्त्यमा उठनुपर्ने सावा र व्याज एकिन गरेको छैन। तर २०७७ मंसीर सम्म कुल रु २२७२८८७। तिर्नुपर्ने किस्ता रहेकोमा कुल ७९१२७१। उठी रु २१८६९१६। वाँकी रहेको विवरण पेश भएको छ। वाँकी रकम र सो को व्याज समेत यथासिघ्र उठाउनुपर्ने देखिन्छ।

२८ **विदेश भ्रमणमा वढी भुक्तानीः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीले विदेश भ्रमणमा जाँदा आयोजक संस्थाले होटल वासको प्रवन्ध गरेकोमा पाउने भत्ताको २५ प्रतिशत रकम मात्र उपलव्ध गराउने उल्लेख छ। कार्यालयले प्रमुख र उपप्रमुखलाइ भारतको भुजमा भुकम्पपछिको पुनः निर्माणको अवलोकन गराउनको लागि भ्रमणमा लगेको देखिन्छ। उक्त भ्रमणको प्रायोजन नेपाल आवास पुननिर्माण परियोजना, गोरखाले गरेको र हवाइ टिकट खाना तथा आवासको प्रवन्ध गरिएको जानकारी गराएको छ। तर कार्यालयले देहायअनुसार जाँदा आउदाको भ्रमणको अतिरिक्त पुरै रकम समेत भुक्तानी दिएको छ।अतः देहायअनुसार वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु ७६९६३

ववरण	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने रकम	वढी भुक्तानी रकम
प्रमुख श्री इ दीपक वावु कडेल			

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

भ्रमणमा जाँदा आउदाको प्लेन खर्च	१६०००	०	१६०००
वदेशमा रहदा २५% ले भुक्तानी लनुपर्नेमा १४० डलरको दरले भुक्तानी हुदा वढी भुक्तानी भएको	३०५२०	7630	२२८९०
उपप्रमुख श्री पम्फा वसेल			
भ्रमणमा जाँदा आउदाको प्लेन खर्च	१६०००	०	१६०००
वदेशमा रहदा २५% ले भुक्तानी लनुपर्नेमा १४० डलरको दरले भुक्तानी हुदा वढी भुक्तानी भएको	२९४३०	7358	२२०७३
			७६९६३

२९ **खर्चको प्रमाण नरहेकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न कार्यक्रमको लागि लिगलिग महिला नौमती वाजा समुहलाइ भौ नं ५७७ वाट रु ३९८, ८५७। भुक्तानी दिएको छ। उक्त खर्चमध्ये खजामा रु १७८२२०। खर्च भएको देखिन्छ। उपस्थीतको पुष्ट्याइ वेगर खाजामा ठुलो रकम खर्च गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।

३० **मूल्य अभिवृद्धि कर दाखिला नगरेकोः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले मुल्य अभिवृद्धि करको शत प्रतिशत नै तपसिलका फर्मलाई भुक्तानी दिएकोले सोको ५० प्रतिशत असुल हुनुपर्ने रु — बेरुजू रकम: ७२३७०

भौ नं	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	मुअकर रकम	५०% मुअकर रकम
५५०	ए वन कन्स्ट्रक्सन	२०२४००	२३२८५	११६४२
१४	इन्टरफेस डेभलपमेन्ट कन्सल्टेन्सी एण्ड मेनेजमेन्ट प्रालि	३१०७५०	३५७५०	१७८७५
			०	०
४०।०७७।१।०७	राम लक्ष्मी मोटर हाउस	३४५२५०	३९७१९	१९८६०
१४३।०७।१।०७	अशोक काष्ट कार्यालय	२५००००	२८७६१	१४३८१
२०७।०७७।३।३०	फिनिक्स टेक्नोलोजी	१४९७२५	१७२२५	८६१३
			१२१४५५	७२३७०

३१ **खर्चका औचित्यः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने तथा खर्चलाइ पुष्ट्याइ गर्ने कागजात राख्नुपर्ने उल्लेख छ । कार्यालयले भौ नं १४८ वाट नगरस्तरीय २५ औ विश्व आदिवासी जनजाती दिवस सञ्चालनको लागि नेपाल आदिवासी जनजाती महासंघलाइ रु ३८२०७५। दिएकोमा खर्चको ठुलो रकम रु २३७०००। उपस्थितलाइ ल्याउनको लागि मात्र खर्च गरेको छ। कार्यक्रम सन्चालन तथा सिपमुलक आयआर्जन तथा तालिमको लागि खर्च गर्नुपर्नेमा दिवस मनाउनको लागि भनि उपस्थितलाइ ल्याउनको लागि मात्र ठुलो रकम खर्च गर्नु उचित देखिएन। यस्तो तरिकाले खर्च गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्ने देखिन्छ।

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३२</td><td>करकट्टी नगरेकोः आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ मा सेवामा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने उल्लेख छ। कार्यालयले भौ नं २०३ वाट सेतीमादी राष्ट्रिय दैनिकलाइ रु ६४८००। भुक्तानी दिएकोमा १५ प्रतिशत रकम कट्टा गर्नुपर्नेमा रु ९७२। मात्र कट्टा गरेकोले नपुग रकम असुल गर्नुपर्ने रु</td><td>८७४८</td></tr>
<tr><td>३३</td><td>विद्यालय अनुदानः पालिकाले स्वीकृत कार्यक्रम अनुसार नगरप्रमुख कल्याणकारी कोष सन्चालन कार्यविधि, २०७५ तयार गरी १३ विद्यालयलाइ रु १ लाखको दरले १३ लाख अनुदान उपलव्ध गराएको छ। उक्त रकम कोष तयार गरी वैंकमा राख्नुपर्ने तथा मुल कोषको रकम नघटने गरी प्राप्त व्याजले विद्यार्थीलाइ छात्रवृत्ति दिनुपर्ने उल्लेख छ। मुल कोषको रकम समेत खर्च हुने अवस्था रहदा अनुगमनलाइ प्रभावकारी वनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएकोमा उक्त व्यहोरालाइ नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत प्रतिस्पर्धा नगराई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><td>भौ नं</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>७५१</td><td>सिद्दार्थ हर्वल तथा जनता आयुर्वेदिक भवन (आयुर्वेदको औषधी)</td><td>५१०७०७</td></tr>
<tr><td>८५५</td><td>गुडविल इन्जिनयरीङ (तारजाली खरिद)</td><td>४८४९०५</td></tr>
<tr><td>७४६</td><td>श्री कृष्ण वायर नेटीङ प्रालि (तारजाली खरिद)</td><td>४८३२२१</td></tr>
<tr><td>१२६</td><td>जागोस सप्लायर्स एण्ड सर्भिसेज क प्रालि</td><td>५८०७०७</td></tr>
<tr><td>१९४</td><td>ए वान कन्स्ट्रक्सन लाइ फोहरमैला व्यवस्थापन अन्तर्गत शौचालय निर्माणको भुक्तानी</td><td>४०६२२८</td></tr>
<tr><td>१६३</td><td>सनद निर्माण सेवालाइ फोहरमैला व्यवस्थापन अन्तर्गत शौचालय निर्माणको भुक्तानी</td><td>४०६३११</td></tr>
<tr><td>५१२</td><td>टुडेज कम्प्युटर सिष्टम</td><td>५७९१२</td></tr>
<tr><td>७९८</td><td>शुभश्री स्टेशनरी</td><td>४९३०१९</td></tr>
<tr><td>८२६</td><td>शुभकामना सप्लयर्स</td><td>४८१३८५</td></tr>
<tr><td>८९३</td><td>जागोस सप्लायर्स एण्ड सर्भिसेज क प्रालि</td><td>२६३००७</td></tr>
<tr><td colspan="2">नयाँ प्रशासनिक भवनको लागि मेशिनरी औजार(ल्यापटप कम्प्युटर आदि) खरिदः</td><td></td></tr>
<tr><td>५२३</td><td>लिगलिग पालुङटार आइटी सोलुसन प्रालि</td><td>४९४८२७</td></tr>
<tr><td>५५७</td><td>मेशिनर टेक्नोलोजी प्रालि</td><td>४९९२३४</td></tr>
<tr><td>५५६</td><td>नेक्सस ट्रेडलिंक प्रालि</td><td>४९९४६०</td></tr>
<tr><td>६१२</td><td>जिन नेक्स्ट आइटि एण्ड इन्टेरियर प्रालि</td><td>२४९७६०</td></tr>
<tr><td></td><td></td><td>५९१०६८३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td>शशर्त पूँजीगतः</td><td></td></tr>
</table>

दफा	भौचर नं., मिति र व्यहोरा	बेरुजू रकम
	उपभोक्ताको योगदान नरहेकोः साना तथा आधुनिक सिँचाइ कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा ४ मा कम्तीमा १५% योगदान लाभग्राहीको हुनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार काम गरेकोमा लाभग्राहीको योगदान कम भएकोले कम भएको योगदान रकम असुल गर्नुपर्ने रु	६२८८४

फर्म तथा भुक्तानी पाउनेको नाम	कार्यसम्पन्न रकम	भुक्तानी दिनुपर्ने रकम	भुक्तानी भएको रकम	वढी भुक्तानी
गण्डकी एग्रो सोलुसन प्रा लि. (सामान खरिद गरेकोमा वितरण गर्दा १५ प्रतिशत योगदान नभएको)	४१९२२७	३५६३४३	४१९२२७	६२८८४

३६ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,
- आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- वन्दिपुर गाउँपालिका द्धारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको,
- म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,
- पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३७ **कोभिड १९ तर्फः** आ व २०६७।७७ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार रहेको भनि पेश गरेको छः विवरण आउन बाँकी

आम्दानीको स्रोत	२०७७ असार मसान्त सम्म प्राप्त रकम	खर्च शिर्षक	२०७७ असार मसान्त सम्मको खर्च
प्रदेश सन्चित कोषवाट	१००००००	रहत वितरण तर्फ	२६५७११३
स्थानीय तहको संचित कोषवाट	५५०५५३३८	क्वारेन्टीन व्यवस्थापन तर्फ	१८५६८०४
अन्य श्रोतवाट	२५६५५६	आइसोलेशन केन्द्र निर्माण	५०००००
पारीश्रमिक कट्टावाट	२०३४९०२	जनशक्ति परिचालन	३२००००
		औषधी	७९५०४०
		अन्य खर्च	११७४७२३
		वाँकी	१४९३११६
जम्मा	८७९६७९६		८७९६७९६

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

माथि उल्लेखित खर्चको विवरण अनुसार देखिएका व्यहोरा देहायअनुसार छन्ः

- कार्यालयले राहत वितरणमा रु २६ लाख ५७ हजार खर्च गरेको छ । खर्च गर्दा पटक पटक सोझै खरिद गरेको देखिन्छ भने पालिकाको प्रोफाइल वाट देखिएका गरिवको रेखामुनी रहेका जनसंख्यालाइ लक्षित गरेर राहत वितरण गर्नुपर्नमा कुनै आधार वेगर राहत वितरण गरेको छ।
- यस गाउँपालिकाले तयार तथा सञ्चालन गरेको क्वारेन्टिन तथा होल्डिङ सेन्टरमा निर्माण तथा सञ्चालन व्यवस्थापन रु १८ लाख ५७ हजार खर्च गरेको देखिन्छ।
- औषधी स्वास्थ्य सामाग्री एवं उपकरण खरिद गर्दा पटक पटक रुपमा रु ७ लाख ९५ हजारको सोझै खरिद भएको देखिन्छ।
- गाउँपालिकाले चालु तथा पुजीगत शिर्षकवाट समेत रकम खर्च गरेकोमा माथि उल्लेखित विवरणमा सवै तथ्यांक राखेको छैन । कर्मचारी तथा स्वास्थ्यकर्मीलाइ भत्ता वितरण गरेकोमा उक्त विवरणमा समावेश छैन । उक्त विवरण अद्यावधिक गरी पुनः कोरोना महामारीमा भएको खर्चको विवरण पेश गर्नुपर्दछ ।

३८ **कोष वाहिरवाट खर्चः** कोरोना भाइरस (COVID-19) सम्वन्धी क्वारेण्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ को दफा ११ (१) मा आर्थिक व्यवस्थापन अन्तर्गत क्वारेण्टाइनको संचालन तथा व्यवस्थापनका निमित्त आवश्यक पर्ने रकम कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोषबाट व्यहोरिने उल्लेख छ । यस पालिकाले कोष सञ्चालनमा ल्याएतापनि पालिकाको चालु शिर्षकवाट समेत खर्च गरेको छ । मापदण्डको पालना गरी खर्च प्रकृयालाइ विश्वसनिय र व्यवस्थित वनाउनुपर्दछ । कोष वाहेक अन्यवाट गरेको खर्चको केही उदाहरण देहायअनुसार छन्ः

भौ नं	विक्रेताको नाम वा भुक्तानीको विवरण	रकम
८७९	कोरोना व्यवस्थापनको लागि वडाको खर्च भुक्तानी	६३८८८
८७८	कोरोना व्यवस्थापनको लागि वडाको खर्च भुक्तानी	१०००००
९३०	सामान खरिद	५०००००
९२९	कोरोना व्यवस्थापनको लागि वडाको खर्च भुक्तानी	४००००
९२८	कोरोना व्यवस्थापनको लागि वडाको खर्च भुक्तानी	५००००
९१२	कोरोना व्यवस्थापनको लागि वडाको खर्च भुक्तानी	१२२९००
९११	कोरोना व्यवस्थापनको लागि वडाको खर्च भुक्तानी	८००००
९०४	कोरोना व्यवस्थापनको लागि वडाको खर्च भुक्तानी	१०००००
		१०५६७८८

३९ **प्रधानमन्त्री रोजगार कार्यक्रमः-**स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक ढलान,साईकल लेन निर्माण तथा सिढि निर्माण काम लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४९९ जनालाई रोजगारी उपलव्ध गराई औषत ७ दिनको लागि रु. २६ लाख ६० हजार खर्च गरेको छ । लक्षित वर्गलाई ७ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
३९.१	**सामानमा वढी खर्चः** कामका लागि पारिश्रमिकका आधारित सामुदायिक आयोजना (सन्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ७ (ग) मा लागत अनुमान तयार गर्दा कम्तिमा ७० प्रतिशत ज्यालामा खर्च गर्ने गरी खर्चको प्रस्ताव पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले कार्यविधि अनुसार कुल भएको कामको ३० प्रतिशत सम्म सामान खरिदको लागि प्रयोग गर्न सकिने र न्युनतम ७०% रकम कामदारको ज्यालामा नै खर्च गर्नुपर्ने भनि उल्लेख गरेको छ। यस कार्यक्रमको उद्देश्य पनि रोजगार दिने हुँदा कार्यालयले देहायका काममा तोकिएको भन्दा वढी हुने गरी ज्यालामा कम र सामान खरिद तथा ढुवानीमा वढी भुक्तानी भएको अवस्था छ। तोकिएको भन्दा वढी हुने गरी खर्च गरेको रकम अनियमित देखिएकोमा उक्त व्यहोरालाइ नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

कामको विवरण	कुल भुक्तानी	सामान खरिद	कुल कामको ३०% ले हुने रकम	सामानमा वढी खर्च
च्याङली स्वास्थ्य चौकिमा आवास निर्माण (जस्तापाता खरिदमा मात्र रकम खर्च)	५१२५०	३९४२१	१५३७५	२४०४६
अर्चले वड्डाडा वाटो स्तरोन्नती (सिमेन्ट र ढुंगा ढुवानीमा ठुलो रकम खर्च)	४२००००	२३५२५०	१२६०००	१०९२५०
डाँडागाउँ पहिरो नियन्त्रणको लागि वाल	४२००००	१३३८१३	१२६०००	७८१३
	८९१२५०	४०८४८४	२६७३७५	१४११०९

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
३९.२	**शिर्षक फरक पारी कार्यक्रम तयारीः** स्थानीय सरकार सन्चालन ऐन,२०७४ मा स्थानीय तहले वजेट वनाउदा तथा खर्च गर्दा नेपाल सरकारले तयार गरेको आर्थिक संकेत अनुसार तयार तथा खर्च गर्नुपर्ने उल्लेख गरेकोमा सोही अनुसार नेपाल सरकारले एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ तयार भइ महालेखापरीक्षकवाट स्वीकृत भएको वर्गिकरणको आधारमा वजेट वनाउनुपर्नेमा देहायअनुसार फरक पारी वजेट तयार गरेको छ। एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार विविध खर्च (२२७११) वाट अन्यत्र व्याख्यामा नपर्ने तथा खाजा तथा खानाको रकम मात्र समावेश गर्नुपर्नेमा देहायअनुसार विविधमा राखी खर्च गरेको देखिन्छ। यस खर्च शिर्षकमा मात्र यस वर्ष पालिकाले रु ४,९४,५०,०००। वजेट राखी रु २,६२,५३,०५९। खर्च गरेको देखिन्छ। खर्च भएका अधिकांश कार्यक्रम हरु यस खर्च शिर्षक अन्तर्गत रही खर्च गर्न मिल्दैन। अतः यस्तो प्रकारले वजेट वनाउने र खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।	

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	वजेट	खर्च
अतिथि सत्कार	१५०००००	२७९०९१
इ सि डी विधार्थि/शिक्षक शिक्षिका/धाई आमा समेत	२४०००००	१४०८८००
खेलकुद	२००००००	२०००००
नगर परिसर	१००००००	८५६६०७
नया प्रशासनिक भवन फर्निचरलगायत अन्य	१५००००००	२९९८१७१
मर्मत सम्भार काेष	४००००००	२४१८३४२
रेडक्रस साम्रगी खरिद तथा कार्यक्रम संचालन	५०००००	५०००००
लेखापरिक्षण खर्च	१०००००	३१,४५०

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम

लिगलिग दौड	१३०००००	११०००००
विपद	२००००००	२००००००
विविध खर्च	५३०००००	५२९८२५२
विविध खर्च (भैपरी चालु)	३५०००००	३४३८६७६
शिक्षा	६२०००००	३०२९५८६
सदस्यता शुल्क	१५००००	०
सामाजिक परिक्षण	५०००००	०
भैपरी आउने विवध खर्च	२५००००	७,०००
भवन व्यवस्थापन तथा फर्निचर खरिद	३०००००	०
मेलमिलाप केन्द्र व्यवस्थापन	५०,०००	५०,०००
वडा कार्यालय रंगरोगन	२०००००	२०००००
जनता मा.वि आँपपिपल	३०००००	०
शारदा मा.वि चापाभन्ज्याङ	२०००००	०
वडा कार्यालय संचालन खर्च तथा व्यवस्थापन	३०००००	२७५४९५
वडा मेलमिलाप केन्द्र संचालन	५०,०००	०
भौपरि आउने चालु खर्च तर्फ	५०००००	४७४४४०
वडा कर्यालय संचालन तथा व्यवस्थापन खर्च	३०००००	३०००००
विविध खर्च	५०००००	४६३४८९
वडा कार्यालय संचालन खर्च तथा व्यवस्थापन	३०००००	३०००००
कृषि/स्वास्थ्थ/भेटेनरी	५०००००	४८४२६०
वडा शिक्षा समिति व्यवस्थापन तथा अनुगमन	५०,०००	४९,४००
लप्सिचौर आधारभुत स्कुल	१०००००	९०,०००
श्री त्रिवेणी मा.वि	१०००००	०
जम्माः	४९४५००००	२६२५३०५९

दफा	भौचर नं., मिति र ब्यहोरा	बेरुजू रकम
